# सार्वजनिक खरिद सम्बन्धी निर्देशिका

**प्रस्तावना** : कर्णाली प्रदेश तथा अन्तर्गतका सार्वजनिक निकायले सार्वजनिक खरिद गर्ने सम्वन्धमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ लाई प्रादेशिक संरचना अनुरुप कार्यान्वयनयोग्य बनाई सार्वजनिक खरिद सम्बन्धी काम कारवाहीमा सरलीकरण गर्न आवश्यक भएकोले प्रशासकीय कार्य फर्छ्यौट (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "कर्णाली प्रदेश सार्वजनिक खरिद सम्बन्धी निर्देशिका, २०७५" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "एक तह माथिको अधिकारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय भन्दा माथिल्लो निकाय भए सो निकायको प्रमुख र त्यस्तो निकाय नभएमा सम्बन्धित मन्त्रालयको सचिव र सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री र संवैधानिक अङ्ग वा निकायको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित संवैधानिक अङ्ग वा निकायको प्रमुख र तालुक निकाय नभएको हकमा त्यस्तो निकायको सञ्चालक समिति वा त्यस्तै प्रकारको अधिकार भएको अन्य निकाय समेतलाई सम्झनुपर्छ ।

(ख) ''दातृ पक्ष" भन्नाले द्विपक्षीय वा बहुपक्षीय सम्झौताद्वारा प्रदेश सरकारलाई ऋण वा अनुदानको रुपमा वैदेशिक सहायता उपलब्ध गराउने कुनै विदेशी मुलुक वा अन्तराष्ट्रिय निकाय वा विदेशी संस्था सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी भएको अन्य निकाय समेतलाई जनाउँछ ।

(घ) "विभागीय प्रमुख" भन्नाले मन्त्रालय अन्तर्गतको विभाग वा निर्देशनालय वा सो सरहको अधिकार प्रयोग गर्ने अन्य कार्यालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनुपर्छ।

(ङ) सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनुपर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिव समेतलाई जनाउँछ।

(च) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई सम्झनुपर्छ।

(छ) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनुपर्छ :

(१) प्रदेश सरकारका संवैधानिक अङ्ग, मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय वा सो अन्तर्गतका अन्य सरकारी कार्यालय वा निकाय,

(२) प्रदेश कानून बमोजिम गठित प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको प्राधिकरण, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, संस्थान, कम्पनी, निगम, समिति, आयोग वा यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(३) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, अनुसन्धान केन्द्र वा यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था,

(५) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था,

(६) प्रदेश सरकारले दिएको बजेट सञ्चालन गर्ने जुनसुकै निकाय ।

३. <u>लागत अनुमानको स्वीकृति</u> : (१) सार्वजनिक निकायले निर्माण कार्य, मालसामान खरिद र अन्य सेवा खरिदको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(क) एक करोड रूपैयाँ सम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पाँच करोड रूपैयाँ सम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) पाँच करोड रूपैयाँभन्दा बढीको लागत अनुमान रा.प.प्रथम श्रेणीको विभागीय प्रमुखबाट।

(घ) रा.प.प्रथम श्रेणीको विभागीय प्रमुख नभएको खण्डमा तालुक मन्त्रालयको सचिवबाट लागत अनुमान स्वीकृत गराउनुपर्नेछ ।

(२) सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(क) दश लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पच्चीस लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) पच्चीस लाख रूपैयाँ भन्दा बढीको लागत अनुमान रा.प.प्रथम श्रेणीको विभागीय प्रमुखबाट।

(घ) रा.प.प्रथम श्रेणीको विभागीय प्रमुख नभएको खण्डमा तालुक मन्त्रालयको सचिवबाट लागत अनुमान स्वीकृत गराउनुपर्नेछ ।

(३) सार्वजनिक निकायको प्रमुखले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने

भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक अङ्ग वा निकाय, मन्त्रालय, सचिवालय र यस्तै प्रकृतिका अन्य निकाय/कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको लागत अनुमान स्वीकृत गर्न सक्नेछ ।

(५) सार्वजनिक निकायले भाडामा लिने घर जग्गाको भाडा निर्धारण गर्न देहाय बमोजिमको घर जग्गा भाडा निर्धारण समिति रहनेछ :

**(क) प्रदेश राजधानी रहेको जिल्ला स्थित कार्यालयहरुको हकमा :**

(अ) आन्तरिक मामिला तथा कानून मन्त्रालयले तोकेको उपसचिव -अध्यक्ष

(आ) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले तोकेको रा.प. द्वितीय श्रेणीको अधिकृत -सदस्य

(इ) भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको उपसचिव (प्राविधिक) -सदस्य

(ई) प्रदेश लेखा नियन्त्रक वा निजले तोकेको लेखा अधिकृत -सदस्य

(उ) मन्त्रालयको हकमा सम्वन्धित महाशाखा प्रमुख र कार्यालयको हकमा कार्यालय प्रमुख -सदस्य सचिव

**(ख) अन्य जिल्लास्थित कार्यालयको हकमा :**

(अ) शहरी विकास तथा भवन कार्यालयको कार्यालय प्रमुख, - अध्यक्ष

(आ) जिल्लास्थित प्रदेश लेखा इकाई कार्यालयको प्रमुख -सदस्य

(ई) सम्बन्धित स्थानीय मालपोत कार्यालयको कार्यालय प्रमुख -सदस्य

(उ) घर जग्गा भाडामा लिने सार्वजनिक निकायको प्रमुख - सदस्य सचिव

तर शहरी विकास तथा भवन कार्यालय जिल्लामा नभएको खण्डमा सम्बन्धित जिल्लास्थित पूर्वाधार विकास कार्यालय र सो कार्यालय पनि नभएको खण्डमा जिल्लास्थित सिचाई डिभिजन कार्यालयको कार्यालय प्रमुखले घरभाडा निर्धारण समितिको अध्यक्षता गर्नेछ ।

(६) प्रत्येक जिल्लामा जिल्लाभर वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निर्धारण गर्न देहायका सदस्य रहेको एक दररेट निर्धारण समिति रहनेछः

(क) शहरी विकास तथा भवन कार्यालयको कार्यालय प्रमुख, - अध्यक्ष

(ख) जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक वा निजले तोकेको लेखा समूहको अधिकृत कर्मचारी - सदस्य

(घ) प्रतिनिधि, जिल्ला निर्माण व्यवसायी संघ - सदस्य

(ङ) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ - सदस्य

(च) जिल्ला सदरमुकामस्थित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको प्राविधिक कर्मचारी - सदस्य

(छ) प्रदेश सरकारको सम्वन्धित जिल्ला हेर्ने पूर्वाधार विकास कार्यालयको प्रमुख -सदस्य

(ज) सिंचाई विकास डिभिजन कार्यालयको डिभिजन प्रमुख - सदस्य सचिव

तर शहरी विकास तथा भवन कार्यालय उक्त जिल्लामा नभएको खण्डमा सम्बन्धित पूर्वाधार विकास कार्यालय सो पनि नभएमा सम्बन्धित सिचाई डिभिजन कार्यालयको कार्यालय प्रमुखले निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निर्धारण गर्ने समितिको अध्यक्षता गर्नेछ । तर सिंचाई विकास डिभिजन कार्यालयको डिभिजन प्रमुख अध्यक्ष भएको अवस्थामा निजले तोकेको प्राविधिक अधिकृतले सदस्य सचिवको जिम्मेवारी वहन गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिमको समितिले संघीय कानून बमोजिम गठित दररेट निर्धारण समितिले तोकेको दररेट भन्दा बढी नहुने गरी दररेट निर्धारण गर्नुपर्नेछ ।

४. <u>बोलपत्र स्वीकृत गर्ने अधिकारी</u> : (१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :

(क) तीन करोड रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) सात करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) पन्ध्र करोड रुपैयाँ सम्मको राजपत्राङ्कित प्रथम श्रेणीको विभागीय प्रमुख,

(घ) पन्ध्र करोड रुपैयाँ भन्दा माथिको हकमा सम्बन्धित मन्त्रालयको सचिव ।

(२) संबैधानिक अङ्ग, मन्त्रालय, आयोग वा सो सरहको निकाय/कार्यालयका प्रमुख वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको बोलपत्र स्वीकृत गर्न सक्नेछ ।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) वा (२) बमोजिम बोलपत्र आफैंले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ। त्यस्तो एक तह माथिको अधिकारी नभएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट तोकिएको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

**५. <u>पाँच लाख भन्दा बढी रकमको सोझै खरिद सम्बन्धी व्यवस्था</u>** : (१) दफा २ को खण्ड (छ) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिम मालसामान, परामर्श सेवा वा अन्य सेवा पाँच लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा वा निर्माण कार्य सोझै गराउँदा देहाय बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकार मन्त्रिपरिषदको स्वीकृति लिई खरिद गर्नुपर्नेछ :

(क) प्रमुख सचिव - संयोजक

(ख) सचिव (कानुन), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) सचिव, सम्बन्धित मन्त्रालय - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक - सदस्य

(ङ) सम्बन्धित मन्त्रालयको योजना तथा कार्यक्रम महाशाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) दफा २ को खण्ड (छ) को उपखण्ड (१) बमोजिमका निकाय बाहेक अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायबाट निर्णय भएबमोजिम खरिद गर्नुपर्नेछ ।

६. <u>उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने</u> : (१) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा लाभग्राही समुदायलाई निश्चित शर्त तोकी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ ।

(२) एक करोड रुपैयाँ सम्म लागत अनुमान भएका निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ, तर एक करोड भन्दा बढी रकमको लागत अनुमान भएको कुनै कामलाई टुक्र्याई उपभोक्ता समिति मार्फत काम गर्न गराउन पाईने छैन ।

<u>७. म्याद थप :</u> (१) निर्माण कार्य ठेक्कापट्टा लगायत आयोजना/कार्यक्रमका सम्बन्धमा म्याद समाप्त हुनु भन्दा सात दिन अगावै म्याद थपका लागि निवेदन परी कारण मनासिब देखिएमा छ महिना सम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढीको हकमा रा प प्रथम श्रेणीको विभागीय प्रमुखले थप गर्न सक्नेछ । सो अनुसार विभागीय प्रमुख नभएमा मन्त्रालयको सचिव वा सो सरहको अधिकार प्रयोग गर्ने अधिकारीले म्याद थप गर्न सक्नेछ ।

८. <u>भेरिएशन आदेश</u> : (१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिमको भेरिएशन आदेश जारी गर्न सक्नेछ :

(क) पाँच प्रतिशत सम्मको भेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले,

(ख) पाँच प्रतिशत भन्दा माथि दश प्रतिशत सम्मको भेरिएशन रा.प्र. प्रथम श्रेणी वा सो सरहको विभागीय प्रमुखले,

(ग) दश प्रतिशत भन्दा माथि पन्ध्र प्रतिशत सम्मको भेरिएशन सम्बन्धित मन्त्रालयको सचिवले,

(घ) पन्ध्र प्रतिशत भन्दा माथि पच्चीस प्रतिशत सम्मको भेरिएशन प्रदेश सरकार प्रमुख सचिवले,

(ङ) पच्चीस प्रतिशत भन्दा माथिको भेरिएशनको हकमा मन्त्रिपरिषदले ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम भेरिएशन आदेश जारी गर्दा दफा २ को खण्ड (छ) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समुह गठन गरी सो समुह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश मन्त्रिपरिषद्ले भेरिएशन आदेश जारी गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएशन आदेश जारी गर्न सक्ने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साठी लाख रुपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएशन आदेश रा प प्रथम श्रेणी वा सो सरहको विभागीय प्रमुखले जारी गर्न सक्नेछ । त्यस्तो विभागीय प्रमुख नभएमा सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको अधिकारीले उक्तानुसारको भेरिएशन आदेश जारी गर्न सक्नेछ।

९. <u>सहयोग लिन सक्ने :</u> सार्वजनिक खरिद कार्यको विवरण तयार भएपछि खरिदको निर्णय गर्ने अधिकारीले यसको गुणस्तर र मुल्यमा आश्वस्त हुन आवश्यक प्रशासकीय तथा प्राविधिक सहयोग लिने प्रयोजनका लागि सम्बन्धित विज्ञबाट अध्ययन तथा विश्लेषण गराउन सक्नेछ।

१०. <u>खरिद कार्यको अनुगमन</u> : यस निर्देशिका बमोजिम सार्वजनिक निकायबाट भएको खरिद सम्बन्धी कार्यको अनुगमन गर्ने अधिकार प्रचलित संघीय कानून बमोजिम स्थापना भएको सार्वजनिक खरिद अनुगमन कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई हुनेछ।

११. <u>बाधा अड्काउ फुकाउन सक्ने</u> : यस निर्देशिका बमोजिम खरिद कार्य गर्दा कुनै बाधा अड्काउ उत्पन्न भएमा प्रदेश सरकारले सार्वजनिक खरिद ऐन, २०६३ को प्रतिकूल नहुने गरी आवश्यक आदेश वा निर्देशन जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१२. <u>यसै निर्देशिका बमोजिम हुने</u> : यस निर्देशिकामा उल्लेख गरिएका विषयमा यसै निर्देशिका बमोजिम अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।